फोन नं: ०८४-४२०२०२

Email: dgao.bardiya@ag.gov.np, Web: www.ag.gov.np

ठेगाना: जिल्ला बर्दिया, गुलरिया नगरपालिका, वडा नं ६

# जिल्ला सरकारी वकील कार्यालय

## बर्दिया

(प्रशासन शाखा)

जिल्ला सरकारी वकिल कार्यालय बर्दिया स्था. २०४२

पत्र संख्याः२०८०।०८१

चलानी नं. ४२४५

मितिः २०८१।०३।१८

ने.सं. ११४४ तछलागा ११ मंगलबार

विषयः कानून ब्यवसायीहरूसँगको अन्तरक्रिया कार्यक्रमको प्रतिवेदन पठाइएको सम्बन्धमा ।

श्री महान्यायाधिवक्ताको कार्यालय,
योजना, अनुसन्धान तथा अनुगमन विभाग,
रामशाहपथ, काठमाडौं ।

उपर्युक्त सम्बन्धमा यस कार्यालयको आयोजनामा कानून ब्यवसायीहरूसँग "सरकारी वकीलको कार्यसम्पादन र सहयोगका क्षेत्र तथा अपेक्षा" विषयमा मिति २०८१।३।१६ मा सम्पन्न अन्तरक्रिया कार्यक्रमको प्रतिवेदन पठाइएको ब्यहोरा सादर अनुरोध छ ।

२०८१।३।१८

(नगेन्द्र लम्साल)
जिल्ला न्यायाधिवक्ता

वोधार्थः
उच्च सरकारी वकील कार्यालय, नेपालगञ्ज ।
श्री बर्दिया जिल्ला अदालत बार एशोसिएसन ।(जानकारीको लागि)

# कानून व्यवसायीहरूसँग
# “सरकारी वकीलको कार्यसम्पादन र सहयोगका क्षेत्र तथा अपेक्षा"
# विषयमा अन्तर्क्रिया कार्यक्रम

<u>प्रतिवेदन</u>

मितिः २०८१ असार १६ गते

आयोजक

जिल्ला सरकारी वकील कार्यालय, बर्दिया ।

<u>प्रतिवेदक</u>

जिल्ला न्यायाधिवक्ता नगेन्द्र लम्साल

जिल्ला सरकारी वकील कार्यालय, बर्दिया ।

## विषयसूची


| | | पृ. |
|---|---|---|
| १. | परिचय | १ |
| २. | कार्यक्रमको संक्षिप्त जानकारी | १ |
| ३. | कार्यक्रमको उद्देश्य | १ |
| ४. | कार्यक्रमको विषय बारे जानकारी | १ |
| ५. | छलफलमा व्यक्त भएका विचारहरू | २ |
| ६. | छलफलमा व्यक्त विचारहरूको सम्बोधन | ३ |
| ७. | कार्यक्रमबाट हासिल मुख्य उपलब्धिहरू | ६ |
| | अनुसूचीहरु | |
| | क) कार्यक्रम तालिका | ७ |
| | ख) सहभागीहरूको नामावली | ८ |
| | ग) कार्यक्रममा प्रस्तुत गरिएको कार्यपत्र | १० |
| | घ) कार्यक्रमको तस्वीर | १३ |

## १. परिचय

जिल्ला सरकारी वकील कार्यालय, बर्दियाको आयोजनामा कानून व्यवसायीहरूसँग "सरकारी वकीलको कार्यसम्पादन र सहयोगका क्षेत्र तथा अपेक्षा" विषयमा अन्तर्क्रिया कार्यक्रम मिति २०८१ साल असार १६ गते जिल्ला सरकारी वकील कार्यालय, बर्दियाको सभाहलमा सम्पन्न भयो । उक्त कार्यशालामा बर्दिया जिल्ला अदालत बार एशोसिएशनमा आवद्ध बर्दिया जिल्लामा क्रियाशील कानून व्यवसायीहरूको सहभागीता रहेको थियो ।

## २. कार्यक्रमको संक्षिप्त जानकारी

१) कार्यक्रमको नामः कानून व्यवसायीहरूसँग "सरकारी वकीलको कार्यसम्पादन र सहयोगका क्षेत्र तथा अपेक्षा" विषयमा अन्तर्क्रिया कार्यक्रम

२) कार्यक्रम सञ्चालन स्थानः जिल्ला सरकारी वकील कार्यालय, बर्दियाको सभाहल

३) मितिः २०८१।३।१६

४) कार्यक्रम अवधिः दिउँसो ४ बजेदेखि ६ बजेसम्म

५) सहभागी संख्याः १८ जना कानून व्यवसायी, ३ जना सरकारी वकील र ३ जना कार्यालयका रा.प. अनंकित कर्मचारी सहित २४ जना ।

## ३. कार्यक्रमको उद्देश्य

१) कानून व्यवसायीहरूसँग सरकारी वकीलको कार्यसम्पादन, सहयोगका क्षेत्र तथा अपेक्षा विषयमा छलफल गर्नु ।

## ४. कार्यक्रमको विषय बारे जानकारी

जिल्ला सरकारी वकील कार्यालय बर्दियाका सहायक जिल्ला न्यायाधिवक्ता श्री शिवराज पौडेलले कार्यक्रमको सञ्चालन गर्दै कार्यक्रमका विषयमा शुरुवातमा जानकारी गराउनुभएको थियो ।

जिल्ला सरकारी वकील कार्यालय बर्दियाका जिल्ला न्यायाधिवक्ता श्री नगेन्द्र लम्सालले कार्यक्रमको उद्देश्य तथा छलफलका विषयहरु बारे सरकारी वकीलको कार्यसम्पादनका आधार र कानून व्यवसायीसँग अपेक्षा शिर्षकमा प्रस्तुती गर्नुभएको थियो । प्रस्तुतीसँगै निम्न विषयहरुमा छलफल गरिएको थियो:

- महान्यायाधिवक्ताको कार्यालयको तेस्रो पञ्चवर्षीय रणनीतिक योजना तथा वार्षिक कार्ययोजनाको कार्यक्रम कार्यान्वयन गर्ने
- सरकारी वकीलको परिचय तथा संस्थागत संरचना
- सरकारी वकीलको कार्य सम्पादनका आधारहरु तथा मूल्यहरु
- कार्यसम्पादनको अवस्था सम्बन्धमा छलफल गर्ने
- सरकारी वकील र कानून व्यवसायी एकै ठाउँ हुने आधारहरु
- जिल्ला सरकारी वकील कार्यालय बर्दियाबाट भइरहेका नविनतम अभ्यासहरु

- सरकारी वकीलको कानून व्यवसायीसँग अपेक्षाहरु
- सरकारी वकीलको कार्यसम्पादन विषयमा कानून व्यवसायीको अपेक्षाहरु

## ५. छलफलमा व्यक्त भएका विचारहरू

**श्री निर्मलराज सिग्देल,**
**अधिवक्ता, बर्दिया जिल्ला अदालत बार एशोसिएशन ।**

- सामान्य प्रकृतिका छिट्टै अनुसन्धान सकिने मुद्दाहरुमा पनि हिरासतमा लामो अवधीसम्म राख्ने गरिएको छ । छिटो छरितो रुपमा अनुसन्धान सक्ने परिपाटीको शुरुवात प्रहरीबाट हुन सरकारी वकीलले पहल गर्न जरुरी छ । सोही बमोजिम सरकारी वकीलबाट छिटो मुद्दाको अभियोजन हुनुपर्छ ।

**श्री वीरबहादुर रोकाय,**
**अधिवक्ता, बर्दिया जिल्ला अदालत बार एशोसिएशन ।**

- भूमिसुधार तथा मालपोत कार्यालय गुलरिया र जिल्ला प्रशासन कार्यालय बर्दियामा ती निकायबाट हेरिने मुद्दाहरुमा पक्षको तर्फबाट कानून व्यवसायीको समेत प्रतिनिधित्व हुने गरी वहस पैरवी विगतमा हुने गरेको थियो । शंकितको स्वच्छ सुनुवाईको अधिकारको संरक्षण गर्न तथा पक्षको तर्फबाट कानून व्यवसायीको प्रतिनिधित्व गरी मुद्दाको वहस पैरवी हुने वातावरण बनाउन सरकारी वकील कार्यालयबाट ती निकायहरुमा पहल हुन जरुरी छ । यसैगरी बर्दिया राष्ट्रिय निकुञ्ज कार्यालयबाट हेरिने मुद्दाहरुमा समेत शंकितको तर्फबाट कानून व्यवसायीको प्रतिनिधित्व हुने वातावरण बनाउन जरुरी छ । अर्धन्यायिक निकायहरुले समेत स्वच्छ सुनुवाईको आधारभूत मान्यतालाई अंगिकार गर्न जरुरी छ ।

**श्री संजीवकुमार कर्ण,**
**अधिवक्ता, बर्दिया जिल्ला अदालत बार एशोसिएशन ।**

- पीडितले न्याय प्राप्तिका लागि जाहेरी दरखास्त लिएर जाँदा केहि मुद्दामा प्रहरीले शुरुमा दर्ता गर्न आनकानी गर्ने गरिएको छ । यस सम्बन्धमा प्रहरीमा सरकारी वकीलबाट पहल हुन जरुरी छ ।
- सरकारी वकील कार्यालयले अन्य सरकारी निकायसँग बारसँग सम्बन्धित विषयहरु सम्बोधन गर्न समन्वय गर्न जरुरी छ ।

**श्री दिवाकर शर्मा खनाल,**

**सचिव, बर्दिया जिल्ला अदालत बार एशोसिएशन ।**

- सरकारी वकीलबाट भइरहेका नविनतम अभ्यासहरु सजाय छुट, दिशान्तर लगायत सरकारवादी फौजदारी मिलापत्र हुन सक्ने ठगी र चेक बाउन्स मुद्दा लगायत सरकारी वकीलको काम कारबाहीबारे जानकारी प्राप्त भयो ।
- सरकारी वकीलको भूमिका र बारसँगको सहकार्य लगायत कानून व्यवसायीहरुले राखेका जिज्ञाशाको सम्बोधन सरकारी वकीलबाट भएको छ ।
- यस किसिमको अन्तरक्रिया कार्यक्रमहरु निरन्तर हुन जरुरी छ ।

**श्री कमलप्रसाद पाण्डे**

**अधिवक्ता, अध्यक्ष, बर्दिया जिल्ला अदालत बार एशोसिएशन ।**

- कानून व्यवसायी र सरकारी वकीलले एक अर्कासँग गरेका अपेक्षाहरुको बारेमा अन्तरक्रिया कार्यक्रम आयोजना हुनुले न्यायिक काम कारबाहीमा एक अर्काको सहयोगले छिटो छरितो न्याय सम्पादन गर्ने काममा सघाउ पुग्छ ।
- सरकारी वकील र कानून व्यवसायीहरुको छिटो छरितो सरकारवादी फौजदारी मुद्दाको न्यायिक प्रकृया टुंगाउने कार्यमा सहकार्य र सहयोग हुनुपर्छ ।
- कार्यक्रममा उठाइएका सरकारी वकील र कानून व्यवसायीले सहकार्य गर्नुपर्ने क्षेत्रहरुमा सहजिकरण गर्न बार तत्पर रहेको छ ।
- बर्दिया जिल्लामा रहेका अर्धन्यायिक निकायहरु जिल्ला प्रशासन कार्यालय बर्दिया, बर्दिया राष्ट्रिय निकुञ्ज कार्यालय र भूमिसुधार तथा मालपोत कार्यालयहरुमा समेत इजलास सञ्चालन गरी पक्षको तर्फबाट कानून व्यवसायीको प्रतिनिधित्व हुने वातावरण बनाउन सरकारी वकीलबाट पहल र समन्वय हुन जरुरी छ ।

## ६. छलफलमा व्यक्त विचारहरूको सम्बोधन

उक्त अन्तरक्रिया कार्यक्रममा कानून व्यवसायीहरूले उठाएका विचारहरूको जिल्ला सरकारी वकील कार्यालय बर्दियाका जिल्ला न्यायाधिवक्ता श्री नगेन्द्र लम्सालले सम्बोधन गर्नुभएको थियो । सम्बोधनलाई बुँदागत रूपमा उल्लेख गरिएको छ ।

**श्री नगेन्द्र लम्साल**

**जिल्ला न्यायाधिवक्ता, जिल्ला सरकारी वकील कार्यालय, बर्दिया**

- प्रतिवादीको बयान सरकारी वकील कार्यालयमा सरकारी वकीलको रोहवरमा अनुसन्धान अधिकारीबाट हुने गरेको छ । सरकारी वकील समक्ष हुने प्रतिवादीको बयानमा मुद्दाको न्यायिक प्रकृयाको कारबाहीमा कानून व्यवसायी राख्न पाउने कानूनी व्यवस्थाको बारेमा जानकारी दिने गरिएको छ ।
- कानूनको विवादमा परेका बालबालिकासँग सरकारी वकीलको रोहवरमा अनुसन्धान अधिकारीले सोधपुछ गर्दा अनिवार्य रुपमा बाल न्याय सम्पादन (कार्यविधि)

नियमावली २०७६ को नियम ८ ले व्यवस्था गरे अनुसार निजको बाबुआमा, परिवारका अन्य सदस्य वा संरक्षकलाई रोहवरमा राखेर गराउने गरिएको छ । उक्त नियममा बाल कल्याण अधिकारी वा कानून व्यवसायीलाई रोहवरमा समेत राख्ने भन्ने कानूनी व्यवस्था छ । कानूनको विवादमा परेका बालबालिकाहरुको कुनै पनि सदस्य नभएको अवस्थामा बाल कल्याण अधिकारीको रोहवरमा सोधपुछ गर्ने गरिएको छ । परिवारका सदस्यहरु सोधपुछ गर्दा उपलब्ध हुन सक्ने अवस्था नभएमा कानूनको विवादमा परेका बालबालिकाहरुसँग सोधपुछ गर्दा बाल कल्याण अधिकारी वा बारको सहयोगमा कानून व्यवसायीलाई रोहवरमा राखेर नै सोधपुछ गरिन्छ ।

- सजाय छुट दिने मागदाबी सम्बन्धी निर्देशिका, २०८० आएपछि बर्दिया जिल्लामा विभिन्न मुद्दाहरुमा सजाय छुट सम्बन्धी अभ्यास भइरहेको छ । सजाय छुट दिने मागदाबी सम्बन्धी निर्देशिका, २०८० मा विभिन्न चरणमा अभियुक्तलाई सजाय छुट सम्बन्धी प्रकृयामा आफ्नो कानून व्यवसायी सहभागी गराउन पाउने प्रकृयाका बारेमा अनुसन्धान अधिकारीले अभियुक्तको बयान लिनु अघि सजायमा छुट दिन वा कम गर्न सकिने कानूनी व्यवस्था, प्रकृया तथा परिणामको बारेमा अभियुक्तले बुझ्ने गरी जानकारी दिनुपर्ने व्यवस्था रहेको छ । अभियुक्तकोतर्फबाट निजको कानून व्यवसायी सजाय छुट सम्बन्धी वार्तामा सहभागी हुने र सजाय छुट सम्बन्धी सम्झौतामा कानून व्यवसायी रोहवरमा रहने व्यवस्था गरेको छ ।
- बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा २७ को उपदफा (१) को खण्ड (ख) मा दश हजार रुपैयाँसम्म बिगो भएको वा पाँच हजार रुपैयाँसम्म जरिवाना वा तीन वर्षसम्म कैद हुन सक्नेमा सरकारी वकीलले कसूरजन्य कार्यको अभियोग लागेका बालबालिकालाई बालबालिकाको सर्वोत्तम हितको लागि दिशान्तर गर्न सक्ने व्यवस्था गरेको छ । बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा २८ मा दिशान्तर गर्दा विचार गर्नु पर्ने र दफा २९ मा दिशान्तर गर्दा अवलम्बन गरिने प्रकृयाको बारेमा व्यवस्था गरेको छ । यस कार्यालयबाट दिशान्तर सम्बन्धी अभ्यासहरु समेत भइरहेको छ ।
- महान्यायाधिवक्ताको कार्यालयको प्रशासन शाखाको पत्र संख्या निर्देशन चलानी नं १७६३, मिति २०७८।१।२ को निर्देशन सम्बन्धी पत्रमा मिति २०७७।१२।२६ गतेको महान्यायाधिवक्ताको कार्यालय व्यवस्थापन समितिको निर्णय बमोजिम निर्देशन नं ६ मा चेक अनादर सम्बन्धी बैङ्किङ्ग कसूर मुद्दामा प्रतिवादीले पीडितलाई बिगो बुझाईसकेको अवस्थामा मुद्दा नचलाउने भन्ने निर्देशन रहेकोमा उक्त निर्देशनको बुँदामा कानून बमोजिम मिलापत्र हुन सक्ने र मिलापत्र गर्न उपर्युक्त हुने प्रकृतिका सरकारवादी फौजदारी मुद्दामा अनुसन्धानकै क्रममा वा अभियोजन गर्नु अगाडि पीडित र प्रतिवादी मिलापत्र गर्न सहमत भएका मुद्दामा

सामान्यतया अभियोजन गरिने छैन भन्ने महान्यायाधिवक्ताको कार्यालयको नीति रहेको (महान्यायाधिवक्ताको कार्यालयको अभियोजन नीति तथा मार्गदर्शन, २०७७ को परिच्छेद २ को २.२ (२.२.२६) मा उल्लेख रहेको छ । अत: यस प्रकृतिका मुद्दामा अभियोजन पूर्व प्रतिवादीबाट पीडितले रकम प्राप्त गरिसकेको भए मुद्दा नचलाउने निर्णय गर्ने भनी उल्लेख भएकाले सोही बमोजिम हुने गरेको छ । यसैगरी अदालतमा मुद्दा दायर भएपछि पीडितले त्यस्तो रकम प्राप्त गरिसकेको अवस्थामा त्यस्तो फैसला उपर पुनरावेदन नगर्ने भन्ने निर्देशन रहेको छ । यसैगरी महान्यायाधिवक्ताको कार्यालयको प्रशासन शाखाको पत्र संख्या निर्देशन चलानी नं १७६३, मिति २०७८।१।२ को निर्देशन सम्बन्धी पत्रमा निर्देशन नं ५ मा बैंकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ को दफा ३ को खण्ड (ग) अनुसारका सर्वासाधारण पीडित भएको बैंकिङ्ग कसूर मुद्दामा पीडित पक्ष र प्रतिवादीले मिलापत्र गराई पाउँ भनी निवेदन दिएमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११७ को उपदफा (२) अनुसार मिलापत्र सम्बन्धी कारवाही अगाडि बढाउन सकिन्छ । मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११७ को उपदफा (२) बमोजिम सर्वसाधारणको ठगी, अनुचित लेनदेन वा सर्वसाधारणको सम्पत्ति हानि, नोक्सानी वा वैदेशिक रोजगारी सम्बन्धी मुद्दामा प्रतिवादी र पीडित दुवैले मिलापत्र गराई पाउँ भनी निवेदन दिएमा जिल्ला अदालतमा विचाराधीन मुद्दामा सम्बन्धित जिल्ला सरकारी वकील कार्यालयको प्रमुख वा सो हैसियतमा काम गर्ने सरकारी वकीलले मिलापत्र गर्न आदेश दिन सक्ने गरी मिति २०८०।४।१ गतेदेखि महान्यायाधिवक्ताबाट अधिकार प्रत्यायोजन भएको सूचना मिति २०८०।३।२५ गतेको नेपाल राजपत्र भाग ४ मा सूचना प्रकाशन गरिएको छ । यसैगरी मिति २०८०।३।२५ गतेको राजपत्रको सूचनामा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११७ को उपदफा (२) बमोजिम मिलापत्र हुन सक्ने प्रकृतिका नेपाल सरकार वादी हुने मुद्दामा अनुसन्धानकै चरणमा प्रतिवादीले पीडितलाई बुझाउनुपर्ने बिगो, हर्जाना तथा अन्य रकम बुझाई वा अन्य कुनै शर्तमा मुद्दाको कारबाही अगाडि नबढाउन पीडित र प्रतिवादी दुवै पक्ष सहमत भै दिएको निवेदन बमोजिम मातहतको जिल्ला सरकारी वकील कार्यालयबाट मुद्दा नचलाउने गरी प्राप्त भएका मिसिलमा मुद्दा चलाउने वा नचलाउने अन्तिम निर्णय उच्च सरकारी वकील कार्यालयको सहन्यायाधिवक्ता वा सो हैसियतमा काम गर्ने सरकारी वकीलले गर्ने गरी अधिकार प्रत्यायोजन भएको छ । चेक बाउन्स र ठगी मुद्दामा अनुसन्धानकै क्रममा विगो रकम बुझाएको अवस्थामा मुद्दा नचलाउने निर्णय गरी उच्च सरकारी वकील कार्यालय नेपालगञ्जमा पठाउने गरिएको छ । चेक बाउन्स र ठगी सम्बन्धी विभिन्न मुद्दाहरु अन्तिम निकाशा भई समेत आएको अवस्था छ ।

- प्रहरीबाट अनुसन्धान हुने मुद्दाहरुमा छिटो अनुसन्धान सकिने मुद्दाहरुमा अनुसन्धान सकेर मुद्दाको फाईल सरकारी वकील कार्यालयमा बुझाउने कार्य गरी सम्बन्धित अदालत र मुद्दा हेर्ने अधिकारी समक्ष अभियोजन कार्य छिटो रुपमा सम्पन्न गर्ने कार्यमा तदारुकता बढाइने छ ।
- कार्यक्रममा व्यक्त विचारहरुले सरकारी वकीलको कार्य सम्पादनमा थप सुधार गर्न मद्दत पुग्ने छ ।
- कैदी, वन्दी र पीडितको संवैधानिक र कानूनी अधिकारको संरक्षणका लागि सरकारी वकील र कानून व्यवसायीको एउटै भूमिका हुनुपर्छ ।
- बारबाट कार्यक्रममा उठाइएका अन्य संघिय सरकारी कार्यालयहरुसँग सम्बन्धित विषयहरु सम्बोधन गर्न ती कार्यालयहरुसँग पहल र समन्वय गरिने छ ।
- शंकितको पक्षबाट अर्धन्यायिक निकायमा प्रतिनिधित्व हुने वातावरण बनाउन ती निकायहरुमा समन्वय गरिने छ ।

## ७. कार्यक्रमबाट हासिल मुख्य उपलब्धिहरू

- फौजदारी न्याय प्रणाली प्रभावकारी बनाउन सरकारी वकीलबाट कानून व्यवसायीहरूले राखेको अपेक्षाहरूका बारेमा जानकारी भई आगामी दिनमा सरकारी वकीलको काम कारबाही प्रभावकारी बनाउन मद्दत पुग्ने छ ।
- सरकारी वकील र कानून व्यवसायीहरूको साझा सरोकारका विषयहरूबारे जानकारी भई संयुक्त रूपमा पहल गर्न मद्दत पुग्ने छ ।

**अनुसूचीहरू**

**क) कानून व्यवसायीहरूसँग "सरकारी वकीलको कार्यसम्पादन र सहयोगका क्षेत्र तथा अपेक्षा" विषयमा अन्तर्क्रिया कार्यक्रम**

मितिः २०८१।३।१६ समयः दिउँसो ४ बजेदेखि ६:०० बजेसम्म

कार्यक्रम स्थानः जिल्ला सरकारी वकील कार्यालय, बर्दियाको सभाहल

आयोजकः जिल्ला सरकारी वकील कार्यालय, बर्दिया

कार्यक्रम सञ्चालकः सहायक जिल्ला न्यायाधिवक्ता श्री शिवराज पौडेल, जिल्ला सरकारी वकील कार्यालय, बर्दिया

| | |
|---|---|
| ४.००-४.१५ | उपस्थिति |
| ४.१५-४.३० | सहभागीहरूबीच परिचय |
| ४.३०-५.०० | कार्यक्रमको उद्देश्य र सरकारी वकीलको अपेक्षाः जिल्ला सरकारी वकील कार्यालय, बर्दियाका जिल्ला न्यायाधिवक्ता श्री नगेन्द्र लम्साल |
| ५.००-५.५० | • कानून व्यवसायीहरूबाट कार्यक्रम बारे धारणा (खुला छलफल)<br>• बर्दिया जिल्ला अदालत बार एशोसिएशनका अध्यक्ष अधिवक्ता श्री कमलप्रसाद पाण्डे |
| ५.५०-६.०० | जिज्ञाशाको सम्बोधन सहित कार्यक्रम समापनः जिल्ला सरकारी वकील कार्यालय बर्दियाका जिल्ला न्यायाधिवक्ता श्री नगेन्द्र लम्साल । |

## ख) सहभागीहरूको नामावली

| क्र.सं. | नाम | पद | संस्था/कार्यालय | टेलिफोन नं |
|---|---|---|---|---|
| १ | नगेन्द्र लम्साल | जिल्ला न्यायाधिवक्ता | जिल्ला सरकारी वकील कार्यालय बर्दिया | ९८४१४४०७८१ nagendralamsal@gmail.com |
| २ | कमलप्रसाद पाण्डे | अध्यक्ष | बर्दिया जिल्ला अदालत बार एशोसिएशन | ९८५८०२५१३३ |
| ३ | शिवराज पौडेल | सहायक जिल्ला न्यायाधिवक्ता | जिसवका बर्दिया | ९८५८०२५१७५ |
| ४ | कमल सुनार | सहायक जिल्ला न्यायाधिवक्ता | जिसवका बर्दिया | ९८६८०८९८९० |
| ५ | गंगाबहादुर गुरुङ्ग | अधिवक्ता | बर्दिया जिल्ला अदालत बार एशोसिएसन | ९८५८०२०६०८ gangatam42@gmail.com |
| ६ | कमल प्रसाद गुप्ता | अधिवक्ता | बर्दिया जिल्ला अदालत बार एशोसिएसन | ९८४८०४३२४७ |
| ७ | जंगबहादुर खड्का | अधिवक्ता | बर्दिया जिल्ला अदालत बार एशोसिएशन | ९८४८०१३२६४ jangbdrkhadka93@gmail.com |
| ८ | काशीराम चौधरी | अधिवक्ता | बर्दिया जिल्ला अदालत बार एशोसिएनश | ९८४८०५५५६० kashiram321@gmail.com |
| ९ | प्रदिप ज्ञवाली | कानूनी सहायता अधिकृत | जिल्ला कानूनी सहायता समिति | ९८४८०२१४४१ |
| १० | सूर्यमोहन सापकोटा | अधिवक्ता | बर्दिया जिल्ला अदालत बार एशोसिएशन | ९८४८०४४६५६ suryamohansapkota16@gmail.com |
| ११ | गोपाल रेग्मी | अधिवक्ता | बर्दिया जिल्ला अदालत बार एशोसिएसन | ९८४८०४६००८ |
| १२ | इतवारी चौधरी | अधिवक्ता | बर्दिया जिल्ला अदालत बार | ९८४८०५३२७१ |

| | | | | |
|---|---|---|---|---|
| | | | एशोसिएसन | |
| १३ | कोल राज पुरी | अधिवक्ता | बर्दिया जिल्ला अदालत बार एशोसिएसन | ९८५८०४४६२६ kolrajpuri@gmail.com |
| १४ | दिवाकर शर्मा खनाल | सचिव | बर्दिया जिल्ला अदालत बार एशोसिएसन | ९८५८०२९४९४ |
| १५ | केशव बहादुर जि.सी | अधिवक्ता | बर्दिया जिल्ला अदालत बार एशोसिएसन | ९८५८०२१५९३ kedargc03@gmail.com |
| १६ | खडानन्द तिवारी | अधिवक्ता | बर्दिया जिल्ला अदालत बार एशोसिएशन | ९८५८०२७७७४ tkhadanand@gmail.com |
| १७ | निर्मल राज सिग्देल | अधिवक्ता | बर्दिया जिल्ला अदालत बार एशोसिएसन | ९८५८०२५९९५ sigdel.nirmal@gmail.com |
| १८ | विन्दु जि.सी | अधिवक्ता | बर्दिया जिल्ला अदालत बार | ९८४८०४३११० Kedargc03@gmail.com |
| १९ | ओम प्रकाश शर्मा | अधिवक्ता | बर्दिया जिल्ला अदालत बार | ९८४८०५२२३१ |
| २० | संजीवकुमार कर्ण | अधिवक्ता | बर्दिया जिल्ला अदालत बार एशोसिएशन | ९८५८०३७८८८ skkarna888@gmail.com |
| २१ | वीरबहादुर रोकाय | अधिवक्ता | बर्दिया जिल्ला अदालत बार एशोसिएशन | ९८५८०२२३१६ |
| २२ | भगवती शर्मा | टाईपिष्ट नायव सुब्बा | जिसवका बर्दिया | ९८४८०६३९८७ |
| २३ | बसन्त न्यौपाने | नायव सुब्बा | जिसवका बर्दिया | ९८६५८१२६०७ |
| २४ | जावन सिंह रामजाली | खरिदार | जिसवका बर्दिया | ९८६४७३१७०४ ramjalijawon843@gmail.com |

ग)  कार्यक्रममा प्रस्तुत गरिएको कार्यपत्र:

## सरकारी वकीलको कार्यसम्पादनका आधार र कानून व्यवसायीसँग अपेक्षा

नगेन्द्र लम्साल
जिल्ला न्यायाधिवक्ता
जिल्ला सरकारी वकील कार्यालय, बर्दिया
२०८१।३।१६

### कार्यक्रमको उद्देश्य

- महान्यायाधिवक्ताको कार्यालयको तेस्रो पञ्चवर्षीय रणनीतिक योजना तथा वार्षिक कार्ययोजनाको कार्यक्रम कार्यान्वयन गर्ने
- सरकारी वकीलको परिचय तथा संस्थागत संरचना
- कार्य सम्पादनका आधारहरु
- कार्यसम्पादनको अवस्था सम्बन्धमा छलफल गर्ने
- जिल्ला सरकारी वकील कार्यालय बर्दियाबाट भइरहेका नविनतम अभ्यासहरु
- अपेक्षाहरु

### सरकारी वकीलको परिचय तथा संस्थागत संरचना

- नेपालको संविधानको धारा १५८ ले सरकारी वकील भनी सम्बोधन गरेको,
- मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा २(त) ले महान्यायाधिवक्ता, नायब महान्यायाधिवक्ता, सहन्यायाधिवक्ता, उपन्यायाधिवक्ता, जिल्ला न्यायाधिवक्ता वा सहायक जिल्ला न्यायाधिवक्ता र महान्यायाधिवक्ताबाट सरकारी वकीलको हैसियतमा काम गर्न तोकिएको अधिकृतलाई सरकारी वकील मानेको छ।

### संस्थागत संरचना

- महान्यायाधिवक्ताको कार्यालय, रामशाहपथ काठमाडौं- १
- उच्च सरकारी वकील कार्यालयहरु- १८
- विशेष सरकारी वकील कार्यालय- १
- जिल्ला सरकारी वकील कार्यालय-७७

### कार्य सम्पादनका आधारहरु तथा मूल्यहरु

- स्वच्छ सुनुवाई
- कानूनको शासन
- कानून र न्यायका मान्य सिद्धान्तहरुको अवलम्बन
- मानव अधिकार र व्यक्तिगत स्वतन्त्रताको सम्मान, संरक्षण र प्रवर्द्धन
- सार्वजनिक हितको संरक्षण
- पीडितमैत्री र न्यायमा सहज पहुँच

- व्यावसायिक स्वायत्तता र उन्मुक्ति
- निरन्तर सुधार र सिकाई
- नैतिकता र सदाचार
- लैङ्गिकमैत्री र विविधताको सम्बोधन
- समावेशिता
- शंकितका अधिकारहरुको संरक्षण

**सरकारी वकील र कानून व्यवसायी एकै ठाउँ हुने आधारहरु**

- कानूनको निश्चित तहको ज्ञान हासिल
- आफ्नो पक्षको प्रतिनिधित्व
- कानूनको शासनको परिपालना
- कानून बमोजिमको प्रकृयाको अवलम्बन
- समता, समन्याय र समानता
- स्वच्छ सुनुवाई
- सदाचार नैतिकता र न्यायिक सुशासनको अवलम्बन
- पेशागत आचरणको पालना
- फैसला तथा न्यायिक निर्णयको पालन
- अपराध पीडितलाई क्षतिपूर्ति सहितको न्याय र सामाजिक पुनः स्थापना
- शंकितका अधिकारहरुको संरक्षण
- सजाय छुट मागदावीमा सहजिकरण
- फैसला कार्यान्वयनमा सहयोग
- न्यायको पक्षपोषण
- जिल्ला कानूनी सहायता समिति मार्फत असमर्थ पक्षलाई निशुल्क कानूनी सहायता उपलब्ध गराउन सहजिकरण तथा कानूनी सचेतना सम्बन्धी क्रियाकलापहरु।

**जिल्ला सरकारी वकील कार्यालय बर्दियाबाट भइरहेका नविनतम अभ्यासहरु**

- कानूनको विवादमा परेका बालबालिका उपर दिशान्तर निर्णय।
- सजाय छुटको अभ्यास ।
- ठगी र चेक बाउन्स सम्बन्धी बैंकिङ्ग कसूर मुद्दामा अनुसन्धानकै क्रममा आरोपित पक्षले वादी पक्षलाई रकम बुझाई दुवै पक्ष सहमत भएको अवस्थामा मुद्दा नचलाउने निर्णय गरी अन्तिम समेत भइरहेको ।
- पीडकबाट पीडितलाई परेको असरका सम्बन्धमा पीडित प्रभाव प्रतिवेदन लिने कार्यको अभ्यास सुरु गरिएको।

- कानूनको विवादमा परेका बालबालिकाहरुको अभिभावकको उपलब्धता नभएको अवस्थामा बाल न्याय सम्पादन (कार्यविधि) नियमावली २०७६ ले तोके बमोजिम बाल कल्याण अधिकारीको रोहवरमा सोधपुछ गर्ने गरिएको ।

**सरकारी वकीलको अपेक्षा**

- अनुसन्धान र अभियोजनमा कानूनले अपेक्षा गरे बमोजिमको सहयोग
- शंकितको बयानमा विना पूर्वाग्रह सहयोग
- साक्षी परीक्षणमा सहयोग
- समय पालना र नियमितता
- पीडितलाई क्षतिपूर्ति र पुनः स्थापना
- पेशागत आचरणको पालनामा साझेदारी

घ) कार्यक्रमको तस्वीर



अन्तरक्रिया कार्यक्रमका सहभागीहरु ।



कार्यक्रमका सहभागीहरु ।